बेलडाँडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सङ्ख्या :-२०८२/०८३
च.न. :-९८५

मिति:- २०८२/०९/२२
ने.सं.-११४६

**विषय: भगत सर्वजित उद्यम विकास कार्यक्रमका लागि फाराम पेश गर्ने सम्बन्धी सूचना।**

श्री सम्बन्धित सबै
बेलडाँडी गाउँपालिका, कञ्चनपुर।

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला शाखा)को च.नं. ६८, मिति २०८२।०९।१६ गतेको प्राप्त पत्र तथा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान त्रिपुरेश्वर, काठमाडौंको मिति २०८२।०९।१४ गतेको यही कार्यक्रम सम्बन्धी विस्तृत सूचना यसै चलानी पत्रसाथ संलग्न छन्। विस्तृत व्यहोरा स्वयम् अवगत भइ उक्त सूचनामा तोकिएको बमोजिम विद्युतीय माध्यम वा भौतिक रुपमा पेश गर्ने स्थान र समय बाहेक यस गाउँपालिकामा पेश गर्न इच्छुक सम्बन्धित आवेदकहरुले यही मिति २०८२।०९।२८ गते कार्यालय समय भित्र फाराम भरी बेलडाँडी गाउँपालिका उद्यम विकास शाखामा पेश गर्न हुन अनुरोध छ।

..........................

नोट: सम्बन्धित फारामहरु बेलडाँडी गाउँपालिकाको website बाट डाउनलोड गर्न सकिनेछ । या बेलडाँडी गाउँपालिका उद्यम विकास शाखाबाट पनि प्राप्त गर्न सकिनेछ।

**बोधार्थ :** उक्त सूचना यस कार्यालयको वेवसाइट तथा फेसबुक पेजमा अपलोड गर्नहुन अनुरोध छ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सङ्घीय मामिला शाखा

प.सं.२०८२/०८३

च.नं. ६८

सिंहदरबार, काठमाडौं ।

मिति २०८२/०९/१६

११४६ पोहेलाथ्व

विषयः- भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमा।

श्री स्थानीय तह(सबै)

प्रस्तुत विषयमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वर, काठमाडौको प.सं. ०८२/८३, च.नं. १४०, मिति २०८२/०९/१४ को पत्रसाथ प्राप्त "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना" मिति २०८२/०९/१४ गतेको गोरखापत्रमा प्रकाशित सूचनाको प्रतिलिपी संलग्न गरी सो कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि यस मन्त्रालय र अन्तर्गतका कार्यालयहरु, सबै पालिका र अन्य सरोकार सबै स्थानीय तहलाई जानकारी गराउन लेखी आएकोले सोही कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त पत्र र सूचनाको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(हरिप्रसाद पौडेल)
शाखा अधिकृत

बोधार्थः-

श्री औद्योगिक व्यवसाय विकास प्रतिष्ठान,
त्रिपुरेश्वर, काठमाडौ।

श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारः- सम्बन्धित स्थानीय तहको Portal र मन्त्रालयको website मा upload गरिदिनु हुन।

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

(An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्या: ०८२/८३

चलानी नं.: ९४०

मितिः २०८२/०९/१४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषयः भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने लक्ष्यले मिति २०८२/०९/१४ को गोरखापत्रमा सम्बन्धित लाभग्राहीलाइ फारम भर्न प्रतिष्ठानले सूचना प्रकाशित गरेको छ। लक्षित लाभग्राहीहरुले अनलाइन मार्फत https://bams.iedi.gov.np मा गएर फारम भर्न सक्ने तथा प्रतिष्ठानको वेबसाइट https://iedi.gov.np मा गएर फारम डाउनलोड गरि भौतिक रुपमै प्रतिष्ठानमा उपस्थित भई आवेदन पेश गर्न सक्ने व्यवस्था प्रतिष्ठानले गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ। तहाँ मन्त्रालय, अन्तर्गतका कार्यालयहरू, सबै पालिका र अन्य सरोकार निकायहरूमा भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सूचना सम्प्रेषण गरी दिनुहुन सादर अनुरोध गर्दछु।

.....................

इ. उमेश कुमार गुप्ता

कार्यकारी निर्देशक

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

त्रिपुरेश्वर, काठमाडौं ।

(प्रकाशित मितिः २०८२पुस१४गते, सोमबार)

# भगत सर्वजित उद्यम विकास कार्यक्रमका लागि फारम पेश गर्नेसम्बन्धी सूचना

भगत सर्वजित शिल्पउद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिमदलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकासगरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने कार्यक्रम भएकालेयस कार्यक्रमका लाभग्राहीहरुलेयो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र उद्यमशीलता विकास तालिमका लागि अनुसूची -१ बमोजिमको ढाँचामा र प्रविधि स्तरोन्नतिमा सहयोगका लागि अनुसूची-३बमोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>उद्देश्यः</u>यो कार्यक्रमको उद्देश्यदेहायबमोजिम हुनेछ।

(क) दलितसमुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण र प्रवर्धन गर्ने,

(ख) परम्परागतरूपमा पेसा गरिरहेका दलित समुदायलाई उद्यमशीलता एवम् सीप विकास तालिम मार्फत दक्षता अभिवृद्धि गरी उद्यमी सिर्जना गर्ने,

(ग) परम्परागतकला र पेसालाई आधुनिक प्रविधिको हस्तान्तरण गरी उत्पादन र उत्पादकत्व बढाउने,

(घ) परम्परागतकला र पेसामा आधारित उद्यमको विकास तथा प्रवर्धनका लागि वित्तीय पहुँचमा सहजीकरण एवं व्याजमा अनुदान प्रदान गर्ने

(ङ) उत्पादित वस्तुलाई स्थानीय,राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा समुचित बजारीकरणमा सहजीकरण गर्ने, र

(च) स्वरोजगार, रोजगारी सृजना तथा आय आर्जनका माध्यमबाट दलित समुदायको जीवनस्तरमा सुधार ल्याउने।

२. <u>कार्यक्रम सञ्चालनका क्षेत्रहरूः</u> (१) यो कार्यक्रम सञ्चालनको क्षेत्र देहायबमोजिम रहेको छ।

(क) उद्यमशीलता विकास

(ख) प्रविधि स्तरोन्नतिमा सहयोग

३. <u>उद्यमशीलता विकास तालिम सम्बन्धी व्यवस्थाः</u>(१)परम्परागत पेसाको संवर्द्धन तथा प्रवर्धनका लागि गरिने उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ;-

(क) उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम

(ख) उद्यमशीलता विकास तालिम

(ग) व्यवसाय व्यवस्थापन तालिम (बजार व्यवस्थापन, लेखा तथा विक्रयकला आदि)

(घ) बहुमूल्य धातुका आधुनिक र परम्परागत संस्कृति झल्किने गरगहना,

(ङ) काँस, तामा, ढलोट, सिल्भरका घरायसी प्रयोगका भाँडा वर्तनहरू,

(च) फलामसँग सम्बन्धित भाँडाकुँडा तथा घरेलु औजारहरू,

(छ) छालाका सामग्री उत्पादन तथा मर्मत,

(ज) काठका सामग्री उत्पादन तथा मर्मत,

(झ) वाद्यवादनका सामग्री उत्पादन,

(ञ) व्यावसायिक सिलाई कटाई सम्बन्धी तालिम।

(२) उपदफा (१) को प्रयोजनको लागि देहाय बमोजिमका प्रक्रिया पूरा गर्नुपर्नेछः

(क) अनुसुची-१ बमोजिमको आवेदन फाराम,

(ख) दलित समुदायको थर नजनिएको अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिस वा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको दलित समुदायको व्यक्ति जनिने सिफारिस वा प्रमाणित प्रमाणपत्र, र

(ग) परम्परागत पेसामा आबद्ध रहेको व्यहोरा खुल्ने सम्बन्धित वडाको सिफारिस।

४. <u>प्रविधि स्तरोन्नतिमा सहयोग सम्बन्धी व्यवस्थाः</u>(१) परम्परागतरूपमा सञ्चालन भइरहेको पेसाको स्तरोन्नतिका लागि प्रविधि स्तरोन्नतिमा सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। प्रविधि स्तरोन्नतिका लागि देहाय बमोजिमका प्रक्रिया पूरा गर्नुपर्नेछ।

(क) अनुसूची-३ बमोजिमको आवेदन फाराम,

(ख) दलित समुदायको थर नजनिएको अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको दलित समुदायको व्यक्ति जनिने सिफारिस, र

(ग) परम्परागत पेसामा आबद्ध रही प्रविधि स्तरोन्नति आवश्यक रहेको ब्यहोराखुल्ने सम्बन्धित वडाको सिफारिस।

(घ) परम्परागत पेसामा आधारित उद्यमको प्रविधि स्तरोन्नतिको लागि स्किम अनुसार बढीमा तीन लाखसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(ङ) सम्बन्धित स्थानीय तहमा दर्ता भएका समूहमा उद्यम गर्न चाहने लाभग्राहीहरूलाईपरम्परागत पेसामा आधारित उद्यमको प्रविधि स्तरोन्नतिको लागि स्कीम अनुसार बढीमा पन्ध्र लाख रुपैयाँसम्म निःशुल्क अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

(च) प्रविधि स्तरोन्नति गर्न चाहने लाभग्राहीले व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

५. <u>**लाभग्राहीको योग्यताः**</u> यो कार्यक्रमको लाभग्राहीको योग्यता देहायबमोजिम हुनेछ।

(क) दलित समुदायको नेपाली नागरिक,

(ख) उमेर १६ वर्ष पुरा भई ६० वर्ष ननाघेको,

(ग) परम्परागत सीप र कलाको उपयोग गरी आफ्नो पेसामा निरन्तर आबद्ध रहेको, र

(घ) परम्परागत पेसामा आबद्ध दलित समुदायका व्यक्ति वा समूहद्वारा सञ्चालित फर्म वा उद्यम।

६. **फारमपेश गर्ने स्थान र समय :**

- फारम दुई तरिकाबाट भर्न सकिनेछ। (क) विद्युतीय माध्यमबाट वा (ख) भौतिक माध्यमबाट ।
- विद्युतीय माध्यमबाट प्रस्ताव भर्नका लागिhttps://bams.iedi.gov.npमा गइ भर्न सकिनेछ ।
- भौतिक रुपमा (अफलाइन) मार्फतआवेदन फारम भर्न चाहनेले प्रतिष्ठानको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कार्यालय समयभित्र हार्डकपी (Hardcopy)बुझाउन सकिनेछ ।
- फारम प्रतिष्ठानको वेबसाइटबाट डाउनलोड गरि वा प्रतिष्ठानमा भौतिक रुपमा उपस्थित भइ प्राप्त गर्न सकिनेछ ।
- आवेदन फारम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिनेछ ।
- अनलाइन (विद्युतीय माध्यम) वा अफलाइन (भौतिक) दुवै माध्यमबाट फारम बुझाउने अन्तिम दिन कार्यालय समय (साँझ ४ बजे) भित्र मात्र फारम बुझाउन सकिनेछ ।

**सम्पर्क :**
औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
त्रिपुरेश्वर, काठमाडौं
फोन नं.:०१-५३६१३३९, ५३६१४६९
बेवसाइटः<u>https://iedi.gov.np</u>